नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग
राजस्व अनुसन्धान कार्यालय
इटहरी, सुनसरी

## लिलाम विक्रिको शीलबन्दी दरभाउपत्र आहान सम्बन्धि ७ दिने सूचना

**(सूचना प्रकाशित मिति २०८१।०९।२९ गते)**

यस कार्यालयबाट विभिन्न मितिमा कब्जामा लिईएका तपसिलमा उल्लेखित मालसामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा शीलबन्दी दरभाउपत्रको माध्यमबाट लिलाम बिक्रि गर्नुपर्ने भएकोले नियमानुसार दर्ता भएका इच्छुक फर्म तथा कम्पनीबाट निम्न शर्तको अधिनमा रही राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७० को नियम २६ बमोजिम शीलबन्दी दरभाउपत्र मार्फत लिलाम गर्न यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरु

१. फर्म/कम्पनीहरुले दरभाउपत्र सम्बन्धी कागजातहरु खरिद गर्न रीतपूर्वक निवेदन सहित नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र, मू.अ. कर/आयकरमा दर्ता भएको प्रमाणपत्र, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको छायाँप्रति रीतपूर्वक निवेदनसहित संलग्न गरी रु. एक लाखसम्मको लागि रु. ३००।-, रु. एक लाख भन्दा माथि रु. दश लाखसम्मकोमा रु. १,०००।– र रु. दश लाख भन्दा माथिको रु. २,०००।– (पछि फिर्ता नहुने गरी) नगद बुझाइ मिति २०८१।१०।६ गते ४.०० बजे भित्र कार्यालय समयमा यस कार्यालयबाट दरभाउ पत्र फाराम खरिद गरिसक्नु पर्ने र मिति २०८१।१०।०७ गते दिनको १२ बजे भित्र शीलबन्दी दरभाउपत्र दर्ता गरिसक्नु पर्नेछ।

२. प्रत्येक मुद्दाको छुट्टा छुट्टै दरभाउपत्र फारम रीतपूर्वक भरी माथि तोकिएको मिति र समय भित्र शीलबन्दी खामको बाहिर पट्टी यस कार्यालयको नाम, सूचना नं., दरभाउपत्रदाताको नाम, ठेगाना, सम्पर्क नं. समेत स्पष्ट खुलाई सहिछाप गरी लाहाछाप लगाई शीलबन्दी गरी दर्ता गराइसक्नु पर्नेछ। दर्ता भएका दरभाउपत्रहरु दर्ता गर्ने अन्तिम दिनको २.१० बजेको समयमा दरभाउपत्रदाताका प्रतिनधिहरुको रोहवरमा कार्यालयमा खोलिने छ। दरभाउपत्रपत्रदाताका प्रतिनिधिहरु उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा हुने छैन।

३. दरभाउपत्रमा उल्लेखित कूल कबोल अङ्कको कम्तिमा १० प्रतिशतले हुन आउने जमानत रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, सुनसरीको राष्ट्रिय वाणिज्य बैंक, इनरुवा शाखामा खोलिएको धरौटी खाता नं. २२२०१००१०२०३०००० तथा यस कार्यालयको कोड नं. ३०१०५१४०१ मा प्रत्येक मुद्दाका लागि छुट्टछुट्टै सक्कल बैंक भौचर दरभाउपत्र साथ संलग्न राखि पेश गर्नुपर्ने छ।

४. आफूले कबोल गरेको रकमको मूल्य (मू.अ.कर बाहेक) अङ्क र अक्षर दुवैमा अनिवार्य रुपमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अङ्क र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

५.दरभाउपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ दिन भित्र बाँकी रकम दाखिला गरी मालसामान उठाई लैजानु पर्ने छ। म्याद भित्र रकम जम्मा नगरेमा नियमानुसार हुनेछ।

६. शीलबन्दी दरभाउपत्र सम्बन्धि कागजात खरिद गर्नेहरुले मालसामान हेर्न चाहेमा कार्यालय समयमा सम्पर्क गरी हेर्न सकिनेछ।

७. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु लगत्तै कार्यालय खुलेको दिन सोही समय अनुसार हुनेछ।

८. यस कार्यालको नाममा धरौटी खातामा रकम जम्मा गर्ने तर दरभाउपत्रसाथ धरौटी रसिद पेश नगर्ने, दरभाउपत्र फारममा विवरण नभरी धरौटी रसिद संलग्न गरी पेश गर्ने, सूचना प्रकाशन हुनुभन्दा अघिनै धरौटी रकम दाखिला गर्ने

तथा दरभाउपत्र नै पेश नगरी धरौटी रकम माग गर्न आउने व्यक्ति/फर्महरुको धरौटी रकम फिर्ता गर्न कार्यालय बाध्य हुने छैन।

९. म्याद नाघि आएको, रीत नपुगेको र सूचनाको शर्त विपरित भएका दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

१०, दरभाउपत्र स्वीकृत भएपश्चात कबोल अङ्कमा मूल्य अभिवृद्धि कर बापत १३ प्रतिशत थप र अन्य निकायमा कर, शुल्क लाग्ने भए सो समेत दरभाउपत्रदाता आफैले व्यहोर्नु पर्नेछ।

११. प्राप्त हुन आएका दरभाउपत्रहरु कुनै कारण जनाइ वा।नजनाइ स्वीकृत गर्ने वा नगर्ने एकमुष्ट वा आंशिक स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१२. स्वीकृत दरभाउपत्रदाताले कबोल अङ्कको रकम पूरा बुझाई लिलाम सकार गरी सकेपछि मात्र अन्य दरभाउपत्रदाताहरुको धरौटी फिर्ता गरिनेछ।

१३. पेश हुन आएका दरभाउपत्रहरु आंशिक वा प्रतिस्पर्धा सीमित हुनेगरी वा कुनै खास मालवस्तुलाई मात्र सकार गर्नेगरी कुनै एक वा केही मालवस्तुमात्र प्राप्त गर्ने गरी दरभाउपत्र खरिद गर्न पाईने छैन र त्यसरी एकमात्र वा केही मालवस्तु मात्र सकार गर्ने गरी पेश हुन आएका दरभाउपत्रहरु प्रतिस्पर्धामा समावेश नहुने र सूचनामा उल्लेखित सबै मालवस्तु सकार गर्ने गरी मात्र दरभाउपत्र पेश गर्नु पर्नेछ।। तर उल्लेखित व्यवस्था खरिद बिक्री गर्न विशेष सर्त तोकिएको मालवस्तुको हकमा लागु हुने छैन ।

१४. अन्तशुल्क लाग्ने पदार्थ खरिद गर्न अन्तशुल्क इजाजत अनिवार्य पेश गर्नुपर्नेछ।तर ईजाजत नभएकाले अन्त शुल्क लाग्ने पदार्थको शीलबन्दी दरभाउपत्र फारम खरीद गर्न अनिवार्य हुने छैन।

१४. तल उल्लेखित सूचना दर्ता नम्बरमा अन्तशुल्क लाग्ने मालबस्तु रहेको सूचना नम्बरको (सू.द.नं.९३/०८१/८२ र ३०५/०८१/८२) दरभाउपत्र पेश गर्नेले अनिबार्य रुपमा अन्तशुल्क ईजाजत पेश गर्नुपर्नेछ ।

१५. दरभाउपत्र सम्बन्धी अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ।

तपसिलः-

| सि.नं. | सू.द.नं. | मालवस्तुको विवरण | इकाई | परिमाण | मूल्य (मू.अ.कर बाहेक) | जम्मा मूल्य (मू.अ.कर बाहेक) |
|---|---|---|---|---|---|---|
| १ | १४२/०८१/८२ | चिनी | के.जी. | १३० | ६,५००।- | १३,७००।- |
| २ | | मटर | के.जी. | १२० | ७,२००।- | |
| ३ | १२६/०८१/८२ | कुर्ता सलवार | पिस | ११२ | ५६०००।- | ५६०००।- |
| ४ | १३६/०८१/८२ | काजु | के.जी. | ३७ | ३७०००।- | ६९०००।- |
| ५ | | बदाम | के.जी. | ४० | ३२०००।- | |
| ६ | ९३/०८१/८२ | सूर्ति | के.जी. | २२४ | ११,२००।- | ११,२००।- |
| ७ | २४६/०८१/८२ | ड्यु २.२५ लि. | पिस | १८ | १,९८०।- | ३२,५४०।- |
| ८ | | सख्खर | के.जी. | ३० | ३,०००।- | |
| ९ | | कुरकुरे | प्याकेट | १५० | १,५००।- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | | पापड | प्याकेट | १५ | ७५०।- | |
| ११ | | ओरियो बिस्कुट | प्याकेट | १८ | १,४४०।- | |
| १२ | | चिनी | के.जी. | ३०० | १,५०००।- | |
| १३ | | साबुन | पिस | ५४ | १,६२०।- | |
| १४ | | पास्ता | के.जी. | २० | १६००।- | |
| १५ | | खोर्सानी | के.जी. | १० | २,०००।- | |
| १६ | | चामल | के.जी. | २५ | १,२५०।- | |
| १७ | २५३/०८१/८२ | एल.ई.डी.लाईट | पिस | १० | ५,०००।- | १५,०००।- |
| १८ | | सेतो कलरको चिप्लो थान कपडा | थान | २० | ५,०००।- | |
| १९ | | टेन्टको पर्दा | थान | २ | ५,०००।- | |
| २० | ३०५/०८१/८२ | सूर्ति | के.जी. | २५ | १२५०।- | १२५०।- |
| २१ | २८०/८१/८२ | चिनी | के.जी. | २४० | १४४००।- | २१,९००।- |
| २३ | | मटर | के.जी. | ५० | ४०००।- | |
| | | पास्ता | के.जी. | ५० | ३५००।- | |

२०८१/०८/२८

तेजमण काफ्ले
अनुसन्धान अधिकृत